# कटारीनगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Katari Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था. २०७१

१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal
EST. 2071


पत्र संख्या(Ref.No)०७९/०८०

चलानी नं.(Dispatch No.) :- ३८४

मिति(Date) :- २०७९।४।३०

**विषयः-प्रस्तावना,विधान तथा व्यबस्थापन समिति गठन सम्बन्धमा ।**

श्री मयाँखु सामुदायिक अध्ययन केन्द्र,कटारी- १३

श्री नमुना सामुदायिक अध्ययन केन्द्र,कटारी- १४

श्री सिरिसे सामुदायिक अध्ययन केन्द्र,कटारी- ८

श्री कटारी सामुदायिक अध्ययन केन्द्र,कटारी- ४

श्री परिवर्तन सामुदायिक अध्ययन केन्द्र,कटारी-७

श्री त्रिवेणी सामुदायिक अध्ययन केन्द्र-कटारी -२

कटारी नपा, उदयपुर

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित गरी नियमित रुपमा संचालनार्थ नगर प्रमुख श्री राजेशचन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर शिक्षा समितिको मिति २०७९।४।२५ को बैठकको निर्णयानुसार सबै सामुदायिक सिकाई केन्द्रले प्रस्तावना, विधान संलग्न राखी पेश गर्न हुन साथै नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मंत्रालयको मिति २०७८।३।२२ को माननीय मन्त्री स्तरीय निर्णयअनुसार स्वीकृत सामुदायिक सिकाई केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ को दफा ८ अनुसार व्यवस्थापन समितिको गठन कार्यविधि तपसिल अनुसारको रहने व्यवस्था भएको हुँदा सोही बमोजिमको विवरण सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नगर शिक्षा शाखामा उपलब्ध गराउन हुन अनुरोध छ ।

**तपसिल**

१.केन्द्रको कार्यक्रम निर्माण, योजना तर्जुमा,कार्यक्रम व्यबस्थापन तथा कार्यान्वियन गर्न र केन्द्रको व्यवस्थापन पक्षमा नीतिगत निर्णय गर्न साधारण सदस्यको भेलाले छनौट गरेको सातदेखि नौ सदस्यीय समावेशी प्रकृतिको एक व्यवस्थापन समिति रहनेछ

२.केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीको छनौट प्रक्रिया,विधि, पद निर्धारण सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

३.व्यवस्थापन समिति छनौट गर्दा देहाय बमोजिमका व्यक्तिहरुमध्येबाट अध्यक्ष लगायतका पदाधिकारी छनौट गर्नुपर्नेछ ।

क.केन्द्रको सेवा क्षेत्रभित्रका साधारण सदस्यको भेलाले छनौट गरेका शिक्षाकर्मी वा शिक्षाविद मध्येबाट

ख.सम्बन्धित स्थानीय तहका शिक्षा इकाइका प्रतिनिधिमध्ये स्थानीय तहले मनोनयन गरेका व्यक्ति मध्येबाट

ग.केन्द्र रहेको समुदाय वा स्थानमा अवस्थित सबैभन्दा माथिल्लो कक्षा संचालित सार्वजनिक विद्यालयका प्र.अ मध्येबाट

घ.केन्द्रको सेवा क्षेत्रभित्रका अनौपचारिक शिक्षा विशेषज्ञ वा अभियन्ता मध्येबाट

ङ.केन्द्रको सेवा क्षेत्रभित्रका दलित र महिला शिक्षाविद वा शिक्षा अभियन्ता मध्येबाट

साथै व्यबस्थापन समितिका अध्यक्ष लगायतका अन्य पदाधिकारीहरु माथिका विवरणहरुको आधारमा नगर कार्यपालिकाले समावेशी सिध्दान्त बमोजिम छनौट गरिने जानकारी पनि गराइन्छ ।

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत